**आकाशवाणी समाचार- नेपाली**
**मितिः १४ अगष्ट २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

- राष्ट्रपति द्रौपदी मुर्मुले आज ८० औं स्वतन्त्रता दिवसको पूर्वसन्ध्यामा राष्ट्रलाई सम्बोधन गर्नुहुनेछ।
- केन्द्रीय वस्त्र मन्त्री गिरिराज सिंहले आज नयाँ दिल्लीमा हथकरघा हाट: हथकरघा अनुभव केंद्रको उद्घाटन गर्नुहुनेछ।
- विदेशमन्त्री डा. एस. जयशंकर र लाइबेरियाका विदेशमन्त्री सारा बेयसोलोव न्यांतीले हिजो नयाँ दिल्लीमा द्विपक्षीय वार्ता गर्नुभयो।
- उत्तराखण्डमा, चमोली जिल्लाको पिपलकोटी क्षेत्रमा निर्माणाधीन जलविद्युत परियोजना स्थलमा हिजो पहिरो र पानी रिसावका कारण ६ जनाको मृत्यु भएको छ
- मौसम विभागले आज छत्तीसगढमा भारी वर्षाको लागि रेड अलर्ट जारी गरेको छ।

**<u>राष्ट्रपति- संबोधन</u>**

राष्ट्रपति द्रौपदी मुर्मुले आज ८० औं स्वतन्त्रता दिवसको पूर्वसन्ध्यामा राष्ट्रलाई सम्बोधन गर्नुहुनेछ। राष्ट्रपतिको सम्बोधन साँझ ७ बजे आकाशवाणीका सबै राष्ट्रिय च्यानलहरूमा प्रसारण हुनेछ। यो दूरदर्शनका सबै च्यानलहरूमा हिन्दीमा प्रसारण हुनेछ, त्यसपछि अंग्रेजी संस्करण पनि प्रसारण गरिनेछ। दूरदर्शनमा हिन्दी र अंग्रेजीमा सम्बोधन प्रसारण भएपछि, यो दूरदर्शनका क्षेत्रीय च्यानलहरूमा क्षेत्रीय भाषाहरूमा प्रसारण गरिनेछ।

**<u>गिरिराज - हथकरघा हाट</u>**

केन्द्रीय वस्त्र मन्त्री गिरिराज सिंहले आज नयाँ दिल्लीमा हथकरघा हाट: हथकरघा अनुभव केंद्रको उद्घाटन गर्नुहुनेछ। यो केन्द्र भारतको समृद्ध हथकरघा सम्पदालाई अनुभव गर्ने, बुझ्‍ाइ र यस सँग जोडिने दिशामा एक महत्वपूर्ण कदम हो। वस्त्र मन्त्रालयले हथकरघा अनुभव केंद्रको परिकल्पना भारतको हथकरघा प्रणाली प्रदर्शन गर्न गरिएको , जहाँ परम्परागत ज्ञानलाई मात्र संरक्षित गरिएको छैन तर अभ्यास र अनुभव मार्फत सक्रिय रूपमा हस्तान्तरण पनि गरिएको बताएको छ। मन्त्रालयले राष्ट्रिय हथकरघा विकास निगमद्वारा आयोजित उद्घाटन प्रदर्शनीमा २४ पुरस्कार विजेता बुनकरहरू र ३० भन्दा बढी चयन गरिएका ब्रान्डहरूका उत्पादनहरू प्रदर्शन गरिने बताएको छ।

**<u>वीरेंद्र कुमार - एनसीएससी</u>**

केन्द्रीय सामाजिक न्याय तथा अधिकारिता मन्त्री डा. वीरेन्द्र कुमारले आज नयाँ दिल्लीमा राष्ट्रिय ज्येष्ठ नागरिक परिषद्को पाँचौं बैठकको अध्यक्षता गर्नुहुनेछ। बैठकमा ज्येष्ठ नागरिकको कल्याणसँग सम्बन्धित प्रमुख मामिलाहरूमा चर्चा गरिनेछ।

सामाजिक न्याय तथा अधिकारिता मन्त्रालयले चर्चाले ज्येष्ठ नागरिकहरूको सम्मानजनक, सुरक्षित र सुखी जीवन सुनिश्चित गर्ने सरकारको प्रतिबद्धतालाई सुदृढ पार्ने अपेक्षा गरिएको बताएको छ। यस अवसरमा, 'स्नेहा - पालनपोषण, संलग्नता, खुशी र सक्रिय वृद्धावस्थाका कथाहरू' शीर्षकको ई-पुस्तक पनि विमोचन गरिनेछ।

**भारत-लाइबेरिया द्विपक्षीय वार्ता**

विदेशमन्त्री डा. एस. जयशंकर र लाइबेरियाका विदेशमन्त्री सारा बेयसोलोव न्यांतीले हिजो नयाँ दिल्लीमा द्विपक्षीय वार्ता गर्नुभयो। बैठकमा भारत-लाइबेरिया सम्बन्धको समीक्षा गरियो र व्यापार, लगानी, कृषि, स्वास्थ्य, ऊर्जा, खन्न, शिक्षा र प्रविधि जस्ता क्षेत्रहरूमा सहयोग बढाउने तरिकाहरूबारे चर्चा भयो।
दुई देशले क्षमता निर्माण र मानिसहरुबीचको सम्पर्कलाई सुदृढ पर्ने विषयमा पनि जोड दिए। डा. जयशंकरले नयाँ दिल्लीमा लाइबेरियाको दूतावासको उद्धाटनमा विदेशमन्त्री न्यान्तीलाई बधाई दिनुभयो। दुवै मन्त्रीहरूले बहुपक्षीय मञ्चहरूमा सहयोग बढाउने र शान्ति र विकासलाई प्रवर्द्धन गर्न विकासशील देशहरूको आवाजलाई बलियो बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

**विभाजन विभीषिका स्मृति दिवस**

आज विभाजन विभीषिका स्मृति दिवस हो। यस अवसरमा, राष्ट्रले १९४७ को विभाजनको समयमा आफ्नो ज्यान गुमाउने र असहनीय पीडा भोग्ने सबैलाई श्रद्धाञ्जली अर्पण गर्दैछ। एक रिपोर्ट –
यसअघि, विभाजन विभीषिका स्मृति दिवसको पूर्वसन्ध्यामा, केन्द्रीय पर्यटन तथा संस्कृति मन्त्री गजेन्द्र सिंह शेखावतले हिजो नयाँ दिल्लीमा आयोजित एक कार्यक्रममा भाग लिनुभयो। यस अवसरमा, श्री शेखावतले विभाजनको त्रासदी भोगेकाहरूलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो। उहाँले सरकार इतिहासलाई सम्झँदै देशको एकता, अखण्डता र सामाजिक सद्भावलाई निरन्तर सुदृढ पार्न प्रतिबद्ध रहेको बताउनुभयो।

**उत्तराखंड - निर्माणाधीन सुरंग**

उत्तराखण्डमा, चमोली जिल्लाको पिपलकोटी क्षेत्रमा निर्माणाधीन जलविद्युत परियोजना स्थलमा हिजो पहिरो र पानी रिसावका कारण ६ जनाको मृत्यु भएको छ भने १४ जना घाइते भएका छन्। प्रारम्भिक जानकारी अनुसार, २२ जना कामदार सुरुङमा फसेका थिए। जसमध्ये २० जनालाई बाहिर निकालिएको छ र दुई जना कामदारको खोजी जारी छ। घाइतेहरूको नजिकैको अस्पतालमा उपचार भइरहेको छ।
पुलिस, एसडीआरएफ, सीआईएसएफ र अन्य एजेन्सीहरू राहत र उद्धार कार्यमा संलग्न छन्। आपदा व्यवस्थापन तथा पुनर्वास विभागका सचिव विनोद कुमार सुमनले आपतकालीन कार्य सञ्चालन केन्द्रहरूबाट स्थितिको निरन्तर निगरानी भइरहेको बताउनुभएको छ। यसैबीच, मुख्यमन्त्री पुष्कर सिंह धामीले घटनाप्रति चिन्ता व्यक्त गर्नुहुदै सबै एजेन्सीहरूलाई राहत र उद्धार कार्य सुरु गर्न निर्देशन दिनुभएको छ।

**भारत-इजराइल हैकाथॉन**

स्वास्थ्य अभिवृद्धिको विषयमा आयोजना गरिएको भारत-इजरायल ह्याकाथनलाई दुवै देशका युवा नवप्रवर्तकहरूबाट उत्साहजनक प्रतिक्रिया प्राप्त भयो। यसले स्वास्थ्य सेवा र पुनर्वास क्षेत्रहरूमा चुनौतीहरूलाई सम्बोधन गर्न प्रविधिमा आधारित समाधानहरू विकास गर्दछ। ह्याकाथनमा दुवै देशका तीन सय विद्यार्थी र व्यक्तिहरूले १४ समस्याहरूमा चर्चा गरे।
इजरायलका लागि भारतीय राजदूत जे.पी. सिंहले ह्याकाथनका विजेताहरूलाई सम्मान गर्नुभयो। इजरायलमा विजयी समाधानहरूमा ह्वीलचेयरमा माउन्ट गरिएको अंग गतिशीलता प्रणाली समावेश छ। भारतमा विजयी समाधानहरूमा घाइते बिरामीहरूको अंग चालहरूको मूल्याङ्कन गर्न स्वचालित गति विश्लेषण प्रयोग गर्ने प्रणाली समावेश छ।
यो पहलले भारत र इजरायल बीचको द्विपक्षीय सम्बन्धलाई बलियो बनाएको छ।

**नायडू- संसद**

नागरिक उड्डयन मन्त्री के. राममोहन नायडूले विपक्षी दलको अवरोधका कारण संसदको मनसुन सत्र अनिश्चितकालका लागि स्थगित भएको बताउनुभएको छ, जसले गर्दा उड्डयन क्षेत्र जस्ता महत्त्वपूर्ण विषयहरूमा विस्तृत चर्चा हुन सकेन। एक सामाजिक सञ्जाल पोस्टमा, श्री नायडूले संसदमा नागरिक उड्डयनसँग सम्बन्धित २८ तारांकित प्रश्नहरूको जवाफ दिन आफू उत्सुक रहेको

बताउनुभयो। उहाँले यो संख्या २०१३ को मनसुन सत्रमा सोधिएका १४ ताराङ्कित प्रश्नहरूको लगभग दोब्बर भएको पनि बताउनुभयो।

**नेपाल पहिरो**

नेपालको रोल्पा जिल्लामा भारी वर्षाका कारण आएको पहिरोमा परी सात जनाको मृत्यु भएको छ भने पाँच जना निखोज छन्। राजधानी काठमाडौंबाट लगभग ४५० किलोमिटर पश्चिममा रहेको थवाङ गाउँपालिकाको कोटलाबारा गाउँमा बुधबार साँझ यो घटना भएको हो। पुलिसका अनुसार हिज बिहान घटनास्थलबाट सात जनाको शव निकालिएको छ। घटनामा घाइते दुई जनालाई स्थानीय अस्पतालमा भर्ना गरिएको छ। निखोज हुनेमा दुई वृद्ध महिला र तीन वृद्ध पुरुष छन्। उद्धार कार्य हाल जारी छ।

**पाकिस्तान आतंकी मुठभेड़**

पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा हिज सुरक्षा बलसँगको भिडन्तमा लगभग १५ आतंककारी मारिएका छन् भने धेरै घाइते भएका छन्। पुलिसका अनुसार, माथिल्लो दिर जिल्लाको बारिकोट गाउँ नजिकै पुलिस र सुरक्षा बलको संयुक्त काफिला दुबान्डो चेकपोस्टतर्फ जाँदै गर्दा आतंककारीहरूले काफिलामाथि आक्रमण गर्ने प्रयास गरे। सुरक्षा बलले जवाफी कारबाही गर्दै १५ आतंककारीलाई मारेको छ। मुठभेडपछि, क्षेत्रलाई घेराबन्दी गरिएको छ र बाँकी आतंककारीहरूको खोजी सुरु गरिएको छ।

**विजयवाडा र वाराणसी हवाई सेवा**

नागरिक उड्डयन मन्त्री के. राम मोहन नायडूले हिजो विजयवाडा र वाराणसी बीचको सिधा हवाई सेवाको उद्घाटन गर्नुभयो। उहाँले यो नयाँ उडानले विजयवाडाको श्री कनक दुर्गा अम्मा मन्दिर र वाराणसीको बाबा काशी विश्वनाथ धाम बीचको तीर्थयात्रा पर्यटनलाई बढावा दिने बताउनुभयो। यो नयाँ हवाई सेवाले दुई प्रमुख धार्मिक शहरहरू बीचको यात्रालाई सुविधाजनक बनाउनेछ। श्री नायडूले प्रधानमन्त्री नरेन्द्र मोदी द्वारा अल्लुरी सीताराम राजु भोगापुरम विमानस्थलको उद्घाटन गरेपछि विजयवाडा, राजमुन्द्री र कडप्पामा नयाँ विमानस्थल टर्मिनलहरू पनि चाडै पूरा हुने क्रममा छन्।

**स्वतंत्रता दिवस - दिल्ली मेट्रो**

भोलि, स्वतन्त्रता दिवसको अवसरमा, दिल्ली मेट्रो सेवाहरू सबै टर्मिनल स्टेशनहरूबाट बिहान ४ बजे सुरु हुनेछ। दिल्ली मेट्रो रेल कर्पोरेशनले यो व्यवस्था स्वतन्त्रता दिवस समारोहमा उपस्थित हुने विशेष अतिथिहरू, आमन्त्रितहरू र आम जनताको सुविधाको लागि गरिएको बताएको छ। नियमित सेवा पुनः सुरु नभएसम्म सबै मेट्रो लाइनहरूमा प्रत्येक ३० मिनेटमा रेलहरू चल्नेछन्। लाल किल्ला, जामा मस्जिद र दिल्ली गेट मेट्रो स्टेशनहरू स्वतन्त्रता दिवस समारोह स्थलहरूको सबैभन्दा नजिक छन्।

**डीआरआई - अवैध वित्तरा**

जस्व गुप्तचर निर्देशनालयले उत्तर प्रदेशको गौतम बुद्ध नगरको जेवर क्षेत्रमा रहेको अवैध  ड्रग उत्पादन कारखाना उजागर गरेको छ। वित्त मन्त्रालयका अनुसार निर्देशनालयको कारवाईमा कारखानामा ३० किलोग्राम अवैध ड्रग जफत गरिएको छ र दुई व्यक्तिलाई पक्राउ गरिएको छ।

**मौसम**

मौसम विभागले आज छत्तीसगढमा भारी वर्षाको लागि रेड अलर्ट जारी गरेको छ। विभागले आगामी तीन देखि चार दिन सम्म  पश्चिम बंगालको गंगाको तटवर्ती क्षेत्र, हिमाचल प्रदेश, झारखण्ड, ओडिशा र उत्तराखण्डमा भारी वर्षा हुने अनुमान गरेको छ ।